# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

**खण्ड १) नेपालगञ्ज, श्रावण ८ गते, २०७५ साल (संख्या १**

# भाग १

## नेपालगञ्ज उप–महानगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगरसभाबाट पारित भई सभाको अध्यक्षबाट मिति २०७४/०८/०८ गते प्रमाणीकरण गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७४ सालको ऐन न. १

### नेपालगञ्ज उप–महानगरपालिकाको आर्थिक ऐन, २०७४

# नेपालगंज उप-महानगरपालिकाको
# आर्थिक ऐन, २०७४

**नगरसभाबाट स्वीकृत मितिः २०७४।०८।०८ गते**

**प्रस्तावनाः**
नेपालगंज उप महानगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, जरिवाना तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नेपालगंज उप महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**
(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।
(२) यो ऐन नेपालगंज उप महानगरपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ ।

**२. सम्पति करः** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल करः** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (घ) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक

कारोवार गरेवापत अनुसूचि (छ) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर:** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** नेपालगंज उप-महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर:** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय कार्यक्रम र सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कान“न स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क:** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार का जग्गा, घर, भवन, हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क:** नेपालगंज उप महानगरपालिका क्षेत्रभित्र बिभिन्न सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्ग र बोटिङ शुल्क:** नेपालगंज उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग बोटिङ सेवा वा व्यवसाय संचालन गरे गराय वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर:** नेपालगंज उप महानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटनशुल्क :** नेपालगंज उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई

असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.** यस आर्थिक ऐन र अनुसुचिमा उल्लेख नभएका वा नसमेटिएका र अन्य बिषयमा नगरकार्यपालिकाले आगामी नगर सभाबाट पारित गराउने गरि औचित्य र आवश्यकता हेरी प्रचलित कानून विपरित नहुने गरी स्थानीय कर, शुल्क, दस्तुर लगाई अुल उपर गर्न सक्नेछ ।

**१६.** नेपालगंज उप महानगरपालिका, नगर कार्यपालिकाबाट यस ऐनको कार्यान्वयनका लागि अनुसूची १४ मा उल्लेख भएका नीतिहरुलाई कार्यान्वयनमा ल्याउनेछ ।

**१७. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नेपालगंज उप महानगरपालिका, नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसूची १

**एकीकृत सम्पत्ति करको दर :**

| कर योग्य एकिकृत सम्पति कर | वार्षिक लाग्ने कर | नियममा व्यवस्था भएको परिधि |
|---|---|---|
| **१० लाख सम्म** | | रु. २५।-देखि २००।- सम्म |
| २ लाख सम्म | २५।०० | |
| २ लाख १ देखि ५ लाख सम्म | १००।०० | |
| ५ लाख १ देखि १० लाख सम्म | २००।०० | |
| **१० लाख १ देखि २० लाख सम्म** | | रु.२५०। देखि ४००। सम्म |
| १० लाख १ देखि १२ लाख सम्म | २५०।०० | |
| १२ लाख १देखि १४ लाख सम्म | २७५।०० | |
| १४ लाख १ देखि १६ लाख सम्म | ३००।०० | |
| १६ लाख १ देखि १८ लाख सम्म | ३५०।०० | |
| १८ लाख १ देखि २० लाख सम्म | ४००।०० | |
| २० लाख १ देखि २२ लाख सम्म | ५००।०० | रु.५००। देखि १०००। सम्म |
| २२ लाख १ देखि २४ लाख सम्म | ६००।०० | |
| २४ लाख १ देखि २६ लाख सम्म | ७००।०० | |
| २६ लाख १ देखि २८ लाख सम्म | ८५०।०० | |
| २८ लाख १ देखि ३० लाख सम्म | १०००।०० | |
| ३० लाख १ देखि ३४ लाख सम्म | १२००।०० | रु.१२००। देखि ३०००। सम्म |
| ३४ लाख १ देखि ३८ लाख सम्म | १६००।०० | |
| ३८ लाख १ देखि ४२ लाख सम्म | २०००।०० | |
| ४२ लाख १ देखि ४६ लाख सम्म | २५००।०० | |
| ४६ लाख १ देखि ५० लाख सम्म | ३०००।०० | |
| **५० लाख १ देखि १ करोड सम्म** | | रु.३५००। देखि १००००। सम्म |
| ५० लाख १ देखि ६० लाख सम्म | ३५००।०० | |
| ६० लाख १ देखि ७५ लाख सम्म | ७०००।०० | |
| ७५ लाख १ देखि १ करोड सम्म | १०,०००।०० | |

| कर योग्य एकिकृत सम्पति कर | वार्षिक लाग्ने कर | नियममा व्यवस्था भएको परिधि |
|---|---|---|
| **१ करोड देखि २ करोड सम्म** | | रु.१२०००। देखि २००००। सम्म |
| १ करोड देखि १करोड २५ लाख सम्म | १२०००।०० | |
| १करोड २५ लाख देखि १ करोड ५० लाख सम्म | १६०००।०० | |
| १ करोड ५०लाख देखि २करोड सम्म | २०,०००।०० | |
| **२ करोड देखि ५ करोड सम्म** | | रु.२५०००। देखि ६००००। सम्म |
| २ करोड देखि ३ करोड सम्म | २५,०००।०० | |
| २ करोड १ देखि ३ करोड २५लाख सम्म | ४०,०००।०० | |
| ३ करोड २५ लाख १ देखि ५ करोड सम्म | ६०,०००।०० | |
| **५करोड १ देखि माथी** | **रु.२। प्रति हजार** | **रु.२। प्रति हजार** |

## १.१ एकिकृत सम्मत्ति कर :

**निम्न प्रकृया अनुसार मूल्याकंनको आधारमा एकिकृत सम्पत्ति कर असूल गर्ने ।**

क) एकिकृत सम्पत्ति करका लागि दररेट र भौतिक संरचनाको मुल्यांकन निम्नानुसार कायम गर्ने :

१) जग्गाको दर मालपोत कार्यालयबाट रजिष्टशन पारीत प्रयोजनका लागी उक्त आ.ब.मा कायम भएको न्युनतम मूल्यांकन दर

(ख) भौतिक संरचनाको दर साविकमा घर जग्गाकार प्रयोजनका लागि निम्न अनुसारको दर ।

| सि.नं. | भौतिक संरचनाको मूल्याकंन दर निम्न अनुसार कायम गर्ने | प्रति वर्ग फुट |
|---|---|---|
| १. | आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेको घर | ६३५।०० |
| २. | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गारो RCC र RBC छाना | ५७५।०० |
| ३ | माटो जोडाईमा ईटा वा ढुगाँको गारो -RCC र RBC छाना | ५२५।०० |
| ४ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको -जस्ता र एस्वेस्टसको छाना । | ४५०।०० |

| सि.नं. | भौतिक संरचनाको मूल्याकंन दर निम्न अनुसार कायम गर्ने | प्रति वर्ग फुट |
|---|---|---|
| ५ | मटोको जोडाईमा ईट्टा वा ढुंगाको गारो -जस्ता र एस्वेस्टसको । | ३५०।०० |
| ६ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको गारो -टाएलको छाना । | २५०।०० |

कांचो ईटा वा माटोको गारो वा बांस वा काठको टाटी भै फुस, छवाली, खर, पराल र साधारण टिनको छाना भएको घरको मूल्याकंन गरीने छैन ।

**भौतिक संसचनाको ह्रास कट्टि दर (घट्दो दर) निम्न अनुसार गर्ने ।**

| संरचनाको आयु | RCC Frame Structure बाट बनेको घर | सिमेन्ट जोडाईमा ईटा वा ढुगाको गारो RCC र RBC छाना | माटो जोडाईमा ईटा वा ढुगाको गारो -RCC र RBC छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको जस्ता र एस्वेस्टसको छाना | माटो जोडाईमा ईटा वा ढुङ्गाको गारो -जस्ता र एस्वेस्टसको छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गारो टायलको छाना |
|---|---|---|---|---|---|---|
| १-५ वर्ष सम्म | - | - | - | - | - | - |
| ६-१५वर्ष सम्म | - | - | १० | १० | १० | १५ |
| १६-२५वर्ष सम्म | १० | १० | १५ | २० | २० | २० |
| २६-३५वर्ष सम्म | १० | २० | २० | २० | २० | मुल्याकंन नगर्ने |
| १६-२५ वर्ष सम्म | २० | २० | २० | मुल्याकंन नगर्ने | मुल्याकंन नगर्ने | मुल्याकंन नगर्ने |

भौतिक संरचनाको ह्रासकट्टी गर्दा नक्सापास प्रमाण पत्रको आधारमा गर्ने ।

**भौतिक संरचनाको ह्रास कट्टि दर (घट्दो दर) निम्न अनुसार गर्ने ।**

भौतिक संरचनाको ह्रासकट्टी गर्दा नक्सापास प्रमाण पत्रको आधारमा गर्ने ।

**एकिकृत सम्पत्ति कर असुल गर्दा निम्न प्रक्रिया अपनाउने ।**

१. चालु आ.ब. को एकिकृत सम्पत्ति कर आ.ब. भित्र नबुझाएमा अर्को आ.ब. मा १ बर्षको बक्यौता भए १०% र एक आ.ब. भन्दा बढि भए २५% का दरले जरिवाना लिने ।

२. करदाताले पेश गरेको विवरण झुटा भए छानविन गरी लाग्ने कर रकमको अधिकतम शत प्रतिशत जरीवाना लिई असुल गर्ने ।

३. एकिकृत सम्पत्ति कर बाँकि रहेका करदातालाई उप म.न.पा. ले उपलव्ध गराउने सेवा,सुविधा,सिफारीस रोक्का राखिनेछ ।

४. एकिकृत सम्पत्ति कर असुल भई सकेको कुनै पनि सम्पत्तिमा सोहि आ.ब.मा पुनः कर लाग्ने छैन ।

५ मालपोत,बहाल विटौरी,घरजग्गा कर बक्यौता रहेको भए एकिकृत सम्पत्ति करको साथै असुल गर्ने ।

६. एकिकृत सम्पत्ति कर बुझाउंदा न.पा.मा बुझाउनु पर्ने व्यवसाय कर, बहाल करका साथै न.पा.ले तोकेको अन्य कर समेत दाखिला गरी असुल गर्ने ।

७. करदाताको सम्पत्ति घटबढ भएमा न.पा.ले उपलव्ध गराएको नमुना बमोजीमको फारमभरी करदाता स्वंयमले पेश गर्नुपर्ने छ ।

८. बिदेश जाने प्रयोजनको लागि करदाता चलन चल्तीको रेटमा मूल्याकंन गर्न आएमा स्थलगत अध्ययन गरी देखिए अनुसार मूल्याकंनमा कर लिई सोहिलाई कायम गर्ने ।

# अनुसूची २

## मालपोत कर

नेपालगञ्ज उपमहानगरपालिका वार्ड नम्बर २२ (पुरैनी) र २३ (हिरमिनिया) मा साविकका गाविसहरुले लिई आयसरहको भूमिकर (मालपोत) कर लिइनेछ ।

# अनुसूची ३

## घर जग्गा बहाल कर :

नगरक्षेत्र भित्रको घर, पसल, ग्यारेज,गोदाम,टहरा, छप्पर, कारखाना,जग्गा वा पोखरी पुरै वा आशींक ? पमा बहालमा दिएकोमा घरधनीबाट बहाल रकमको २५  वहाल कर लिईने छ ।

# अनुसूची ४

**व्यवसाय कर**

**होटल ,रेष्टुरेण्ट, लज**

| | |
|---|---|
| १ तारे होटल लाई | रु.१५,०००। |
| २ तारे होटल लाई | रु.२५,०००।- |
| ३ तारे होटल लाई | रु.५०,०००।- |
| ४ तारे होटल लाई | रु.७५,०००।- |
| सो भन्दा माथि लाई | रु.१०००००। |
| **होटल (खाने बस्ने** ) एयर कन्डीसनर भएकोलाई | रु .१०,०००। |
| **होटल (खाने बस्ने** ) एयर कन्डीसनर नभएकोलाई | रु ५०००।- |
| मदिरा विक्रि नगर्ने होटललाई | रु.३०००।- |
| क्यासिनोलाई बार्षिक  कर | |
| क्यासिनो | रु.२०००००। |
| मिनी क्यासिनो | रु.१०००००। |

**चलचित्र मन्दिर (सिनेमा हल) को**

| | |
|---|---|
| साधारण लाइ | रु.३,०००।- |
| Q.F.X लाइ | रु.७,०००।- |

**मिठाई पसल :**

| | |
|---|---|
| क. श्रेणीलाई (उच्च सुबिधा युक्त ए.सी. भएकोलाई) | रु.५,०००। |
| ख. श्रेणीलाई (बसेर खान मिल्ने फर्निसिङ व्यवस्था भएकोलाइ | रु.१,२००।- |
| ग. श्रेणीलाई अन्यलाई | रु.१०००।- |
| चिया ,कफी ,नास्ता ,पसल | रु.७५०।- |
| पुल हाउस तथा स्नुकरलाई | रु.२,५००।- |

**मासु तथा माछा पसल :**

| | |
|---|---|
| खसी, कुखुरा, बंगुर, रांगा | रु.१०००। |
| अण्डा थोक बिक्रेता | रु.१०००।- |
| छाला संकलन | रु २०००।- |

**फलफुल पसल :**

| | |
|---|---|
| थोक फलफुलमा | रु.२५००।- |
| खुद्रा फलफुल र फलफुलको जुश | रु.५००।- |
| तरकारी थोक बिक्रेतालाई | रु ५००।- |
| उखुको रसलाई | रु २५००।- |

**सुन चाँदी पसल :**

| | |
|---|---|
| क . श्रेणी लाई | रु. ८०००।- |
| ख . श्रेणी लाई | रु. ५०००।- |
| ग . श्रेणी लाई | रु. १५००।- |

**बर्गिकरण :**

क. सुन चांदीको गहना बेच्नेलाई जनाउंदछ ।
ख. चाँदीको गहना बेच्नेलाई जनाउंदछ ।
ग. सुन चांदीको गहना मर्मत गर्नेलाई जनाउंदछ ।

**औषधी पसल :**

| | |
|---|---|
| थोक बिक्रेतालाई | रु. १२०००।- |
| डक्टरले जाँच गर्ने स्थानमा रहेको औषधी पसल | रु. १२०००। |
| फुटकर बिक्रेतालाई | रु. २०००।- |
| आ.हे.व.रहेको औषधी पसललाई | रु. ३०००।- |

**स्वास्थ्य तर्फ :**

| | |
|---|---|
| मेडिकल कलेज (शिक्षण अस्पताल) | रु. १२५०००।- |
| हस्पिटल एण्ड रिसर्च सेन्टर, | रु. ६०,०००।- |
| अन्य गैर सरकारी अस्पताल | रु. २५,०००।- |
| डेण्टल हस्पीटल | रु. १००००।- |
| एभरेष्ट हेल्थ केयर प्रा.लि. | रु. ४०००।- |
| क्लिनीक ख श्रेणीलाई (रजीष्ट्र्ड डाक्टर नभएको) | रु. १०००।- |
| ल्याप प्याथोलोजी र एक्सरे प्रत्येक लाई | रु. २५००।- |
| अल्ट्रा साउण्ड | रु. ५०००।- |
| सिटी स्क्यान | रु. ७५००।- |
| चस्मा पसललाई | रु. १०००। - |
| दांत बनाउने पसललाई | रु. १०००। - |
| होमीयो पैथीक पसललाई | रु. ५००। - |
| अक्कु पङ्चर उपचार केन्द्रलाई | रु. ५००।- |
| एग्रोभेट | रु. २५००। - |

**तम्बाकु एवं सूर्ति जन्य पसल :**

| | |
|---|---|
| तम्बाकु पसल उत्पादक समेतलाई | रु. ५०००।- |
| सुर्ति जन्य पदार्थ (पान पसल समेत) | रु. १०००।- |

**धोबी पसल :**

| | |
|---|---|
| ड्राई क्लिनर्सलाई | रु. १५००।- |
| साधारण धोबीलाई छुट | |

**सिलाई पसल :**

| | |
|---|---|
| क) ३ देखि ४ सम्म सिलाई मेसीन भएकोलाई | रु.२०००।- |
| ख) ५ देखि ८ सिलाई मेसीन भएकोलाई | रु.३०००।- |
| ग) ८ भन्दा बढी सिलाई मेसीन भएकोलाई | रु.५०००।- |
| घ) सुटिङ सटिङ समेत भएकोलाइ | रु.८०००।- |

२ थान सिलाई मेशीन भएकोलाई छुट ।

महिला प्रोपराइटर भएको सिलाई पसललाई उपरोक्त करमा ५०% छुट

| | |
|---|---|
| **बुटीक पसललाई** | **रु. ५०००। -** |
| **सैलुन तथा ब्यूटीपार्लर :** | |
| ५ सिट सम्म | रु. १५००।- |
| ५ सिट भन्दा माथि | |
| १ सिट लाइ छुट | |
| इलेकट्रोनिक र मोवाइल पसल | रु.७५००।- |
| इलेकट्रोनिक पसल | रु.५०००।- |
| मोवाइल पसल | रु.४०००।- |
| घडि टि.भी. क्यालकुलेटर, रेडियो साना पसल | रु.२५००।- |
| विदेशी वस्तु | रु.१००००।- |

**क) कम्प्यूटर, फ्रिज, कुलर, ए.सी., वासींग मेशीन विकेता (साना पसल )**

**रु.५०००।-**

| | |
|---|---|
| १) एक मात्र विकी गर्ने लाई | रु.१००००।- |
| २) एक भन्दा बढी आइटम विर्की मा प्रत्येक थप आइटम मा थप | रु.५०००।- |
| **ख) सफ्टवयर** | **रु. १०,०००।-** |

**निर्माण व्यवसायी :**

निर्माण व्यवसायी (स्थानीय कार्यलय) प्रधान कार्यालय भए

| | | |
|---|---|---|
| १ वर्ग (घ) लाई | रु. २०००।- | रु. ३०००।- |
| २ वर्ग (ग) लाई | रु. ३५००।- | रु. ४५००।- |
| ३ वर्ग (ख) लाई | रु. ५००० | रु. ७५००।- |
| ४ वर्ग (क) लाई | रु. १००००।- | रु. १५०००।- |

**हवाई सेवा :**

| | |
|---|---|
| १ हवाई उडान गर्ने प्रत्येक एयर लाईन्सलाई बार्षिक | रु. १०,०००।- |
| २ प्रत्येक ट्राvवल्स एजेन्सीलाई बार्षिक | रु. २,०००।- |
| ३.ने.गं.बिमानस्थल बाट उडान गर्ने प्रतेक हबाई टिकटमा | रु. १००।- |

तर पहाडी जिल्ला को प्रतेक टिकट मा रु ५०। मात्र ।

**कानून व्यवसायी :**

| | |
|---|---|
| १ अधिवक्ताको प्रमाणपत्र लिई व्यवसाय गरेको १० वर्षसम्मको | रु.१,०००।- |
| २ अधिवक्ताको प्रमाणपत्र लिई व्यवसाय गरेको २० वर्षसम्मका | रु.२,०००।- |
| ३ अधिवक्ताको प्रमाणपत्र लिई व्यवसाय गरेको २० वर्षभन्दा माथि | रु. ३,०००।- |

**चिकित्सक :**

| | |
|---|---|
| (प्राइभेट क्लिनिक) | रु.५०००। - |

**बित्तिय सेवा तर्फ :**

| | |
|---|---|
| क श्रेणी (वाणिज्य) | रु.३००००।- |
| ख श्रेणी (विकास) | रु.२००००।- |
| ग श्रेणी (वित्तिय/फाईनान्स) | रु.१५०००।- |
| घ श्रेणी (सहकारी /लघुवित्त) | रु.३०००।- |
| बिमा कम्पनीलाई | रु.१०,०००। |
| बिदेशी मुद्रा सटही काउण्टरलाई | रु.२०००।- |

**जुत्ता,तथा चप्पल पसल :**

| | |
|---|---|
| १ थोक बिक्रेता | रु. ५,०००।- |
| २ खुद्रा बिक्रेता | रु. २५००। - |
| ३ मेशिन बाट जुत्ता तयारी गरी विक्री गर्ने | रु. १००००।- |

**हेभी तथा लाईट गाडी मोटर बिक्रि गर्ने :**

| | |
|---|---|
| १ चार पाङग्रे वा सोभन्दा माथि सवारी साधन | रु. १५०००।- |
| २ मोटर साईकल स्कुटर बिक्रि गर्ने पसललाई | रु. १२,०००। |
| ३ साईकिल,रिक्सा अटोरिक्सा बिक्रि पसललाई | रु. ५०००।- |
| ४ पंपिङ,सेट जेनेरेटर र मेशेनरी सरसामानहरु बिक्रि गर्ने पसललाई | रु. ५०००।- |

**हेभी गाडी तथा लाईट गाडीको पार्टस विक्रि पसल :**

| | |
|---|---|
| क श्रेणी लाई | रु. १००००।- |
| ख श्रेणी लाई | रु. ५०००।- |
| ग श्रेणी लाई | रु. २५००।- |

**वर्गिकरण :**

क) बस,ट्रक,टेक्टर,जिप,कार टेम्पो आदिको पार्टस बिक्रि गर्ने ।
ख) मोटर साईकिल वा पपिङसेट, जेनेरेटरको पार्टस बिक्रि गर्ने ।
ग) साईकल र रिक्साको पार्टस बिक्रि गर्ने ।

**टायर तथा मोविल :**

| | |
|---|---|
| १. टायरको थोक बिक्रेता | रु. ५५००।- |
| २. मोविल आयल डिलर बिक्रेता | रु. २०००।- |
| ३. मोविल आयल खुद्रा बिक्रेता | रु. १०००।- |

**गाडी मर्मत :**

| | |
|---|---|
| १.बस ट्रकको बडी बनाउने कारखाना | रु. २०००।- |
| क) हेभी गाडी तथा मेशीनरी मर्मतहरु | रु. १५००।- |
| ख) लाईट गाडी तथा मेशीनरी मर्मत | रु. १०००।- |
| २. सवारी साधन सर्भिसिङ तथा मर्मत सेन्टर | रु. १०००।- |
| ३. व्याट्रि विक्रि तथा मर्मत पसल | रु. ५००।- |
| ४. मोटर साईकल मर्मत | रु. ५००।- |

**कबाडी पसल :**

| | |
|---|---|
| क) ठुला पसल | रु. १०,०००।- |
| ख) साधारण पसल | रु. ५०००।- |

**टायर मर्मत तथा रिसोलिङ :**

| | |
|---|---|
| १. क श्रेणीलाई रिसोलिङ मात्र | रु. २०००।- |
| ख श्रेणीलाई रिसोलिङ मर्मत | रु. १०००।- |
| ग टायर मर्मत | रु. ३६०।- |
| २. इन्जीन ब्लक मर्मत पसललाई | रु. १०००।- |
| ३. पम्प मर्मत | रु. १०००।- |
| ४. रेडियटर मर्मत पसललाई | रु. ३६०।- |
| ५. सिट,हुट बनाउने पसललाई | रु. ५००।- |

**लेथ वेल्डीङ भएको पसललाई :** रु. ७५०।-

**<u>एजेन्सी तथा थोक बिक्रेता पसल :</u>**

| | |
|---|---|
| चुरोटको डिलर | रु. १००००।- |
| पेट्रोल पम्प | रु. १००००।- |
| चाउचाउ डिलर | रु. ५०००।- |

| | |
|---|---|
| साबुन डिलर | रु. ३०००।- |
| कोईला डिलर | रु. १०००।- |
| प्लाष्टिक डिलर | रु. ५०००।- |
| मट्टितेल डिलर | रु. १०००।- |
| ग्याँस सिलिन्डर डिलर | रु. २५००।- |

**मादक तथा अन्य पेय पदार्थ :**

| | |
|---|---|
| डिष्टिलरीको शो रुम | रु. १०,०००।- |
| डिष्टिलरीको डिलर,डिस्ट्री ब्युर्टस | रु. १००००।- |
| बियरको डिलर | रु. १००००।- |
| कोल्ड ड्रिकंसको डिलर | रु. ५०००।- |

**मादक पदार्थ कोल्ड ड्रिकंसको खुद्रा विक्रि पसल :**

| | |
|---|---|
| क) श्रेणीलाई | रु.२०००।- |
| ख) श्रेणीलाई | रु.१५००।- |
| ग) श्रेणीलाई | रु.१०००।- |

**वर्गिकरण :**

क श्रेणीमा रक्सी, वियर, मिनरल वाटर बिक्रेता वा सब डिलर लिएकोलाई
ख श्रेणीमा रक्सी, वियर, कोल्ड ड्रिकंस र अन्य खुद्रा बिक्रेता लाई
ग श्रेणीमा कोल्ड ड्रिकंस र अन्य खुद्रा बिक्रेता लाई

**टेण्ट हाउस :**

| | |
|---|---|
| टेण्ट हाउस पसल | रु. १०००।- |
| माईक बिजुली डेकोरेसन,बैण्ड बाजा पसल | रु. १०००।- |

**नोट :**

कुनै शुभ कार्यका लागि सार्वजनिक तथा सडक क्षेत्रमा टेण्ट लगाउनु पर्ने भएमा उपमहानगरपालिकाद्धारा पूर्व स्वीकृती लिई आवागमनमा अवरोध नहुने गरी मात्र टेण्ट लगाउनु पर्ने छ ।

**कलर ल्याब तथा फोटो स्टुडियो :**

| | |
|---|---|
| कलर ल्याब | रु. ४०००।- |
| फोटो स्टुडियो | रु. १५००।- |

**इन्टिच्युट,प्रतिष्ठान तथा तालिम केन्द्र :**

| | |
|---|---|
| **मेन ईन्टरनेट व्यवसायी -** | रु. ६०००।- |
| सर्वर राख्ने इमेल इन्टरनेटका व्यवसायीहरु | रु. ३०००।- |

| | |
|---|---|
| कम्प्यूटर तथा पार्टस थोक विक्रेता | रु. ३०००।- |
| कम्प्यूटर खुद्रा विक्रेता | रु. १०००।- |
| कम्प्युटर प्रशिक्षण केन्द्र र भाषा प्रक्षिण ट्युसन ईन्स्टीचयूट | रु. २५००। |
| फोटो कपी तथा Digital फोटो | रु. १०००।- |
| सवारी चालक तालिम | रु. २५००।- |

**निजी क्षेत्र का विध्यालयः**

| | |
|---|---|
| क वर्ग | रु. १५०००।- |
| ख वर्ग | रु. १००००।- |
| ग वर्ग | रु. ५०००।- |
| घ वर्ग | रु. १०००।- |

**सी.टी भि.टी तथा बिश्वबिधालय बाट स्वीकृती लि बिभिन्न कार्यक्रम संचालन गर्ने कलेज बिश्वबिधालयलाई**

| | |
|---|---|
| क) प्राबिधिक शिक्षालय तर्फ : | रु. १५०००। |
| ख) साधारण तर्फ | रु. ५०००। |

**छापाखाना अफसेट प्रिन्टिङ्ग प्रेस :**

| | |
|---|---|
| क) श्रेणी फ्लेक्स मेशीन भएको एक मात्र मसिन भएकोलाई | रु. ७,५००।- |
| एक भन्दा बढि भएको लाई | रु. २५०००।- |
| ख) श्रेणी (छापाखाना तथा अफसेट सबै भएको) | रु. ३०००।- |
| ग) हातले लेखाई गर्ने बाट | रु. १०००।- |
| घ)श्रेणी पत्रिका प्रकासक लाई | छुट । |

**ट्रान्सपोर्ट व्यबसाय :**

| | |
|---|---|
| क श्रेणीलाई | रु. ५०००। |

**कपडा तथा फेन्सी पसल :**

| | |
|---|---|
| सुति कपडाको डिलर थोक बिक्रेतालाई | रु. ५०००।- |
| कपडा तथा रेडिमेट फेन्सी पसललाई | रु. २५००।- |
| सुति कपडा खुद्रा बिक्रेतालाई | रु. २०००।- |

**स्टेसनरी तथा पुस्तक पसल :**

| | |
|---|---|
| थोक तथा खुद्रा स्टेस्नरी पसल | रु. २५००।- |
| खुद्रा स्टेस्नरी पसल | रु. १५००।- |
| किताब तथा कापी बिक्रि पसल | रु. १५००।- |
| कापी मात्र बिक्रि पसल | रु. ५००।- |

**गल्ला,किराना तथा बिसात खाना :**

| | |
|---|---|
| १ क श्रेणीमा (गल्ला किरानाको थोक बिक्रेता) | रु. ४०००।- |
| ख श्रेणीमा -गल्ला किरानाको खुद्रा बिक्रेता) | रु. २०००।- |
| २ चिनी,मैदा,डाल्डा,बनस्पती ध्यू ,पिठो प्रति डिलर | रु. २५००।- |
| ३ चुडि पोतेको थोक बिक्रेता | रु. १५००।- |
| ४ धागो,चैन, टाक इत्यादी बेच्ने पसल | रु. १५००।- |
| ५ अन्य खुद्रा बिक्रि पसल | रु. १५००।- |
| ६.ध्यु सप्लायर्स | रु. २०००।- |

**नोट :** गल्ला किराना तथा बिसात खाना पसलसंग कुनै डिलर भएमा डिलर र पसलको छुट्टाछुट्टै कर लाग्ने छ ।

**तरकारी पसल :**

| | |
|---|---|
| क श्रेणी लाई (थोक तथा आढ्त) | रु. २५००।- |
| ख श्रेणी लाई | रु. ५००।- |

**हार्डवयर पसल :**

| | |
|---|---|
| १ क श्रेणीमा | रु. १००००।- |
| ख श्रेणीमा (सरिया सिमेन्ट) | रु. ४०००।- |

**भाँडा पसल :**

| | |
|---|---|
| **डिपार्टमेन्टल स्टोर** | रु. १००००।- |
| भाडाको सोरुम | रु. ७५००। |
| बिभिन्न किसिमका भाँडा बेच्ने पसललाई | रु. २०००।- |
| फलामे पसललाई | रु. १०००।- |
| सटरिङ तथा फर्मा | रु. १०००।– |
| मिक्सचर मेसिन (घर ढलान गर्नेलाई | रु. ५०००।- |

**पशु आहार :**

| | |
|---|---|
| उधोग तर्फ | रु. ७५००।- |
| खद्रा बिक्रिलाई | रु. २०००।- |
| **लेखा परिक्षक कम्पनीलाई** | **रु. २०००।-** |

**लेखा परीक्षक :**

| | |
|---|---|
| क श्रेणी लाई | रु. ५०००।- |
| ख श्रेणीलाई | रु. २०००।- |
| ग श्रेणीलाई | रु. १०००।- |

**संचार सेवा :**

| | |
|---|---|
| पि.सि.ओ.,फ्याक्स सेवा,एस.टि. डि., आइ.एस.टि.डि., लोकललाई | रु. ५००।- |
| इमेल,इन्टरनेट,फोटोकपी भएकालाई थप | रु. ५००।- |
| कुरीयर सेवा | रु. ५००।- |

## गैरसरकारी संस्था :

| | |
|---|---|
| राष्ट्रिय | रु. ५००।- |
| अन्तराष्ट्रिय | रु. ५०००।- |

**कन्सल्टेन्सी सेवा :**

| | |
|---|---|
| कन्सल्टेन्सी,इन्जीनियर,प्राविधिक सेवा | रु. ७५००।- |

**कंक्रिट उधोग :**

| | |
|---|---|
| कंक्रिट हलो ब्लक,हयुमपाइप | रु. ५०००।- |
| सेनेटरी उधोग | रु. ५०००।- |
| ईटा भट्टा | रु. १५०००।- |

**प्लाष्टिक उधोग :**

| | |
|---|---|
| प्लाष्टिक उधोग | |
| क श्रेणी | रु. ७५००।- |
| ख श्रेणी | रु. ३०००।- |

**बिस्कुट तथा पाउरोटि उधोग :**

| | |
|---|---|
| बिस्कुट पाउरोटि उधोग | रु. १५००।- |
| चकलेट उधोग | रु. ५०००।- |
| अगरबत्ती तथा मोमबत्ती उधोग | रु. १५००।- |

**कपडा उधोग :**

| | |
|---|---|
| कपडा उधोग | रु. १००००।- |
| गारमेन्ट उधोग | रु. ५०००।– |

**फर्निचर उधोग :**

| | |
|---|---|
| स्टील फर्निचर उत्पादन तथा बिक्रि | रु. ५०००।- |
| स्टील काठ दुबै फर्निचर बिक्रि गर्ने | रु. ४०००।- |
| स्टील फर्निचर खुद्रा बिक्रि गर्ने | रु. २०००।- |
| काठको फर्निचर | रु. २५००।- |
| बेतब्रासको फर्निचर बिक्रि | रु. १५००।- |
| फोम तथा कार्पेट बिक्रि | रु. २५००।- |
| कपास र सिरक डसना बेच्नेलाई | रु. २५००।- |

**स-मिल :**

| | |
|---|---|
| १ क) स-मिल -काठ चिरने बेच्ने) | रु.७५,००।- |
| २ काठ बिक्री डिपो | रु.२०००।- |

**बरफ तथा आईसक्रिम उधोग :**

| | |
|---|---|
| बरफ तथा आईसक्रिम उधोग | रु.४०००।- |
| कनफेक्सनरी उधोग | रु. ५००।- |

**कुटानी, पिसानी, पेलानी मिल :**

| | |
|---|---|
| १ क श्रेणी | रु. ५०००।- |
| ख श्रेणी | रु. ३५००।- |
| ग श्रेणी | रु. १५००।- |
| २ कत्था मिल | रु. ५०००।- |
| ३ प्लाइउड इन्डस्ट्रिज | रु.१५०००।- |

**वर्गिकरण :**

क श्रेणीमा आधुनिक सेलर राईस प्लान्ट राखी चामल,दाल,पीठो पिसानी र पेलानी समेत भएको लाई जनाउंदछ ।

ख श्रेणीमा हलर हषकर र चक्की राखी पिठो ,चामल,र तेल पेलानी समेत भएकोलाई जनाउंदछ ।

ग श्रेणीमा मसला पिस्ने,कुटानी,पिसानी र पेलानी मध्ये कुनै एक भएकोलाई बुझाउंदछ ।

**ईन्जिनीयरिङ वर्कसप :**

| | |
|---|---|
| सप्लायर तथा मर्मत दुबै गर्नेलाई | रु. ७५००।- |
| ग्रिल सटर बनाउनेलाई | रु. ३०००।- |

**बिजुली सामाग्री बिक्रि पसल :**

| | |
|---|---|
| क श्रेणी बाट | रु. ५०००।- |
| ख श्रेणी बाट | रु. ३०००।- |

**बर्गिकरण :**

क श्रेणीमा बिजुलीको सम्पुर्ण सामानहरुको सप्लायर्स र थोक बिक्रेतालाई जनाउंदछ।

ख श्रेणीमा बिजुलीको सामानहरु खुद्रा बिक्रेतालाई जनाउंदछ ।

**जडिबुटि :**

| | |
|---|---|
| जडिबुटि प्रसोधन व्यबसाय | रु. १००००।- |
| जडिबुटि बिक्रि बितरण | रु. २५००।- |

**घरेलु उधोग :**

| | |
|---|---|
| १ क) टिनको बाकस बनाउने उधोग | रु. १५००।- |
| ख) टिनको बाकस बिक्रिगर्ने | रु. २५००।- |
| २ क) तामा,ढलोटको र आल्मोनियम भांडा उद्योग | रु. ३०००।- |
| ख) तामा,ढलोटको र आल्मोनियम भांडा बिक्रि गर्ने | रु. १०००।- |
| ३ डिस्टील वाटर तथा एसिड उत्पादन गर्ने | रु. १०००।- |
| ४ सुपाडि काटी बिक्रि गर्ने | रु. १०००।- |
| ५.डेरी पसल | रु. १०००।- |
| ६.माथी उल्लेख नभएको साना घरेलु उधोगहरुलाई | रु. १०००।- |

**प्लाष्टिक सामाग्री बिक्रेता :**

| | |
|---|---|
| थोक बिक्रेता | रु. ३०००।- |
| खुद्रा बिक्रेता | रु. १५००।- |
| शिसा,फ्रेम,प्लाइउड र सनमाइका | रु. २०००।- |

**रंगरोगन पसल :**

| | |
|---|---|
| क) रंगरोगन सामानको थोक बिक्रेतालाई | रु. ७०००।- |
| ख) रंगरोगन सामानको खुद्रा बिक्रेतालाई | रु. ३०००।- |

**शिलालेख पसल :**

| | |
|---|---|
| शिलालेख लेख्ने पसललाई | रु. १०००।- |
| हाउजीङ्ग कम्पनि तथा घर जग्गा खरिद बिक्री तर्फ रियल स्टेट | रु. २५०००।- |

# अनुसूची ५

# जडीबुटी, कवाडी र जीवजन्तु कर

# अनुसूची ६

## सवारीकर

१.उप महानगरपालिकाले चालु आर्थिक वर्षमा लिने परिमार्जित सवारी करका दरहरु (वार्षिक) निम्नुसार हुनेछन :-

| | |
|---|---|
| १.ठूलो बस | रु.१५००।- |
| २.मिनि बस | रु.१०००।- |
| ३.भाडाको जिप। टैक्सी, कार | रु.५००।- |
| ४.भाडाको टेम्पो | रु.३००।- |
| ५.निजी, कार, टेम्पो, जीम | रु.३००।- |
| ६.ट्रैकर, ट्रक, (भाडा तथा जीप) रु.२०००।- (छ चक्का सम्मको) | |
| ७.ट्रैकर, ट्रक, भाडा तथा जीप) रु.२५००।- (छ चक्का माथी) | |
| ८.ट्रैकर, ट्राली | रु.१०००।- |
| ९.मोटर साइकल | रु.१५०।- |

| **ख) पटके सवारी कर** | **स्वदेशी/प्रति ट्रीप** | **विदेशी/प्रति ट्रीप** |
|---|---|---|
| बस, ट्रक, लरी | रु.२०।- | रु.२००।- |
| हेभी छ चक्का भन्दा माथी | रु.३०।- | रु.३००।- |
| भाडाका कार, जीप, टेक्सी | रु.१०।- | रु.५०।- |
| मिनि ट्रक, मिनी बस, टेक्टर | रु.१०।- | रु.१५०।- |

(टेण्डर आवहान गर्ने) वर्गिकरण : ।

१. पटके सवारी कर उठाउन उप महानपा सिमानामा बेरीयल लगाएर पटके सवारी कर उठाउने, वार्षिक सवारी दर्ता नभएका सवारी साधानले पटक सवारी कर तिर्नु पर्ने छ ।

२. सवारी धनीहरुले वार्षिक सवारी रकम प्रत्येक आ.व.को आश्विन मसान्त सम्म एकमुस्ट बुझाएमा सवारी साधन दर्ता हुने छन् । वार्षिक सवारीकरमा दर्ता भएका सवारी साधनलाई पटक सवारी कर लाग्ने छैन । निर्धारित समयभित्र वार्षिक सवारीकरमा दर्ता नगराएमा पछि दर्ता गरिने छैन तर यातायात

व्यवस्था कार्यालयमा नयाँ दर्ता भै आएका मितिले १५ दिन भित्र वार्षिक सवारीकर एकमुष्ट लिई दर्ता गरिने छ ।

३. विदेशी सवारी साधन बाट प्रदुषण शुल्क ।

**प्रति ट्रीप**

| | |
|---|---|
| बस, ट्रक, लरी | रु.२००।- |
| हेभी छ चक्का भन्दा माथी | रु.३००।- |
| भाडाका कार, जीप, टेक्सी | रु.५०।- |
| मिनि ट्रक, मिनी बस, टेक्टर | रु.१५०।- |

**ईलेकट्रीक रिक्सा**

| | |
|---|---|
| ३ पाङग्रे रिक्सा बार्षिक नविकरण तथा दर्त्ता दस्तुर | रु.१०००।- |
| ३ पाङग्रे रिक्सा उधोग लाई बार्षिक कर | रु.५०००।- |

## अनुसूची ७

### विज्ञापन करः

| | |
|---|---|
| क) होडिङ्ग बोर्ड(निजि वा सार्वजनिक स्थानमा प्रयोग हुने)बिद्युतिय बोर्ड,वाल पेन्टलाइप्रतिबर्गफुट | रु. ५०।- |
| ख) डिस्प्ले डि.पि.यस. बोर्डलाई प्रतिबर्ग फुट | रु.२५।- |
| ग) ब्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | रु.२००।- |
| घ) ब्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन | रु. ५०।- |

ङ) मादक पदार्थ एबं धुम्रपानको बिज्ञापन मा थप २५। प्रतिशत

१. ०७३।०७४ देखि ०७५।०७६ ३ तिन आ.ब.का लागी प्रत्येक आ.ब. को रु.२७,२५०००। मा बार्षिक ठेक्का बन्दोबस्त भएको ।

२. नगरपालिका भित्रका चलचित्र मन्दिरहरुबाट नगरपालिकालाई मनोरञ्जन कर प्राप्त हुने भएकोले प्रचार प्रसार छुट दिने ।

३. निजी वा सार्वजनिक स्थानमा होर्डिड. वोर्ड राख्दा यस कार्यालयको पूर्वस्विकृति लिई राख्नुपर्नेछ ।

# अनुसूची ८

## मनोरञ्जन कर:

क) चलचित्र तर्फ :

| | |
|---|---|
| लक्ष्मी चलचित्र मन्दिर प्रा.लि.दैनिक | रु. ११५।- |
| बागेश्वरी चलचित्र मन्दिर प्रा.लि.दैनिक | रु. १७९०।- |

उ.म.न.पा बोर्डले परिमार्जित गरे अनुसार बृदि गर्ने सकिने छ ।
प्रत्येक महिनाको ३ गते भित्र नगरपालिका कार्यालयमा बुझाउनु पर्ने र नबुझाएमा थप १ प्रतिशत दैनिक जरिवाना लाग्ने छ ।

| | |
|---|---|
| केवुल नेटवर्क सर्भीस | रु. ५०००।- |

**सर्कस तथा खेल तमासा, रमाईलो मेला :**

| | |
|---|---|
| क) श्रेणीलाई दैनिक (रमाईलो मेला तथा सर्कस तमासा) | रु.१०००।- |
| ख) श्रेणीलाई दैनिक (सर्कस खेल तमासा) | रु.५००।- |
| ग) श्रेणीलाई देनिक (सामान्य किसिमको) | रु.३६०।- |

# अनुसूची ९

# बहाल बिटौरी शुल्क

# अनुसूची १०

## पार्किंग शुल्क

बसपार्क निर्माण कार्य सम्पन्न भै सकेपछि सरोकार वाला हरुको राय समेत लिई प्रबेश शुल्क, रात्री बिश्रामशुल्क,

र बजारक्षेत्रका विभिन्न निजी तथा सार्वजनिक स्थानमा राजश्व परार्मश समितिको बैठक बाट दर रेट निर्धारण गरी

ठेक्कामा बन्दोबस्त गरिने ।

# अनुसूची ११

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर, बोटिङ र र्याकफ्टीङ्ग शुल्कः

# अनुसूची १२

## सेवा शुल्क, दस्तुरः

१.३.भाडा महसुल उपभोग तथा सेवा शुल्क :

१.३.१.५ नगर भवन :

| | |
|---|---|
| क) व्यक्तिलाई प्रतिदिन | रु. २०००।- |
| ख) राजनैतिक दल प्रतिदिन | रु. १०००।- |
| ग) विद्युत शुल्क | रु. ५००।- |

**नोट :**

सरकारी प्रयोजनाको लागि निशुल्क नगरभवन बुकिङ्ग गराउदा राजनैतिक दलले १५ दिन अगावै र अन्यले ७ (सात) दिन अगावै मात्र बुक हुने तथा गर्न सकिनेछ । बुकिङ्ग गराई शुल्क बुझाए पछी रकमफिर्ता हुने छैन । सांस्कृतिक कार्यक्रमको लागि नगर भवन दिइने छैन ।

| | |
|---|---|
| सेक्सन टेकंर प्रति ट्रिप | रु. २५००।- |

**महेन्द्र पार्क**

| | |
|---|---|
| महेन्द्र पार्क प्रबेश शुल्क | ३ बर्ष भन्दा मुनि निशुल्क |
| ३ बर्ष देखि १० बर्ष सम्म | रु.५।- |

१० बर्ष देखि ६० बर्ष सम्म रु १०।-

६० बर्ष देखि माथि एकल महिला जनआन्दोलनका शहरी परिवार घाईतेजन निशुल्क ।

क्यामरा रु.१००।-

चर्खे पिङ्ग रु.५।-

महेन्द्र पार्कको परिसरभित्र विवाह, वर्तवन्ध जस्ता कार्यक्रमका लागि प्रतिदिन रु.११,०००।-

**रानि तलाउ प्रबेश शुल्क**

६ बर्ष भन्दा रु.३।

बोटिङ्ग रु.५।

साधारण प्रति क्यामरा रु. ५।

मुभि प्रति केमरा रु.१००।

ब्यवसायिक प्रयोजनको लागि मुभि प्रति क्यामरा रु.१०००।

**कान्जी हाउस :**

सुंगुर, बंगुर, खच्चर भैसि,रागा धोडा,गोरु,खसि,बाखा,बोका,भेडा (प्रति दिन प्रति जीव) रु.१५००।-

बाच्छा बाच्छी, पाडापाडी (प्रति दिन प्रति जीव) रु. ७५०।-

गधा : (प्रति दिन प्रति जीव) रु. ३००।-

निजी जिवजन्तु मरी न.पा.द्वारा फाल्नु परेमा (प्रतिजीव) रु. १०००।-

**नोटः**

उपरोक्त बस्तु ७ दिन भित्र छुटाई नलगेमा लिलाम गर्ने र प्रतिदिन भन्नाले २४ घण्टा बुझीने छ ।

छाडारहेका पशुहरु सर्बसाधारणले पकाउ गरी कान्जीहाउसमा बुझाएमा तत्कालै प्रति जिउ रु.१००। पुरस्कार दिने र पशुधनी छुटाउन आएमा उक्त रकम थप गरी असुल गर्ने ।

१.३.१.१ शुल्क शौचालय :

स्नान गरे वापत रु. २०।-

दिसा गरे वापत रु. १०।-

पिसाब गरे वापत रु. ५।-

१.३.३ शुल्क तथा दस्तुर :

**सम्पति मुल्याकंन शुल्क :**

क) सबै किसिमको चार किल्लालाई प्रमाणित दस्तुर रु. ५००।-

१.४. दस्तुर दण्ड जरिवाना धरौटी फिर्ता र जफत :

१.४.१ क) नक्कल र निवेदन दस्तुर नियामानुसार

ख) अन्य फाराम दस्तुर नियमानुसार

ग) घरजग्गा करको बक्यौता रकममा १५ प्रतिशत

घ) व्यवसाय करको हकमा चालु वर्षको कर आएको मसान्त भित्र नविकरणमा १५ प्रतिशत छुट र बक्यौता रहेमा १५ प्रतिशत दरले जरिवाना लगाउने ।

ङ) वहाल विटौरी हकमा गत वर्ष सम्म बक्यौता रहेमा २५ प्रतिशत दरले जरिवाना लगाउने ।

च) भरुवा बन्दुकमा  नविकरण दस्तुर ऐन नियम बमोजिम लाग्ने छ ।

छ) रिक्सा, टांगाको दर्ता र नबिकरण गर्ने ।

**अन्य शुल्क एवं दस्तुर :**

क) भरुवा बन्दुक नविकरण नियमानुसार

ख) धितो रोक्का वापत रु. ५००।-

ग) अतिरीक्त सेवा शुल्क : नगरभित्र फोहोर मैला उत्पादन हुने खालका माल सामान जस्तै तरकारी, फलफुल आदी लिई नगर प्रवेश गर्ने ट्रक, मिनीट्रक, टेक्टरमा सेवा शुल्क वापत रु.१५०। लाग्ने छ ।

घ) नगरपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्ने व्यवसायीलाई प्रतिदिन रु.१५०।- का दरले शुल्क लाग्नेछ ।

ङ) नगरपालिका क्षेत्रभित्र विभिन्न उत्पादन सामाग्रीहरुको प्रचार प्रसार हेतु कार्यक्रम सञ्चालन गर्दा सडक यातायात अवरोध नहुने गरी ईजाजत दिएवापत स्तर हेरी प्रतिदिन रु.५००।- देखि रु.५,०००।- सम्म लाग्नेछ ।

**जग्गा प्लटिङ सम्बन्धी सेवा शुल्क :**

जग्गा प्लटिङ गर्दा नगरपालिकाले निर्धारण गरेको भवन तथा योजना मापदण्ड, २०५६ अनुसार हुन पर्ने रजिष्टर्ड प्राविधिकबाट नक्सांकन गरी स्वीकृत लिएकाबाट

| | |
|---|---|
| न्यूनतम ३ कठ्ठा सम्म | रु.२०००।- |
| ३.कठ्ठा देखि ५ कट्ठा सम्म | रु.५०००।- |
| ५कठ्ठा देखि १ बिगाह सम्म | रु.१०,०००।- |
| २० कट्ठा भन्दा माथि | रु.५०,०००। |

**१.४.३ सिफारीस दस्तुर** :

१) घरबाटो नभएको

२) बाटो भएको घर नभएको — रु.५००।-

३) घर भएको कच्ची बाटो ग्रेभलिङ्ग भएको — रु.७५०।-

४) पिच बाटो भएको घर नभएको लाई — रु.२०००।-

५) पिच बाटो भएको घर भएको लाई — रु.५०००।-

६) बर्ग मिटरमा नयां लालपुर्जा लिने प्रयोजनका लागी घर नभएका लाई रु.५००।-

७) बर्ग मिटरमा नयां लालपुर्जा लिने प्रयोजनका लागी घर भएका लाई रु.२०००।

क) घरवास मिन्हाको भोग चलनको सिफारीसमा मुल्याकंनको ३ प्रतिशत

ख) औद्योगिक सिफारिसमा — रु.५०००।-

ग) औद्योगिक प्रयोजनको १५ हर्ष पावर सम्मको सिफारीसमा रु.१००००।-

घ) औद्योगिक प्रयोजनको १५ हर्षपावर भन्दा माथी जतिसुकै भएकोमा फारीस दस्तुर — रु.१५०००।-

ङ) विदेश भ्रमण तथा अध्ययन प्रयोजनका लागि गर्ने सम्पती प्रमाणित — रु.सयकडा १५

च) अंग्रजीमा अन्य सिफारीस — रु. ३००।-

छ) नाता प्रमाणित दस्तुर — रु. १००।-

ज) पेन्सन पट्टा सिफारीस — रु.१००।-

झ) नागरिकता सिफारीमा — रु. १००।-

ञ) विद्युत टेलिफोनमा सिफारीस — रु. ३५१।-

ट) अमिनद्धारा चारकिल्ला जग्गा छुट्याउने कार्य प्रमाणीत गरे बापत प्रति कित्ता रु.१५००।- शुल्क लिने ।

ठ) उ.म.न.पा क्षेत्र बाट अन्य स्थानमा लैजाने घोडा खच्चड,गधाप्रति जिउ सिफारीस दस्तुर — रु.१००।-

ड) मोवाईल टेलिफोन टावर — रु.१००००।

ढ) डिजिटल विज्ञापन सिफारिस प्रतिगोटा — रु.५०००।-

| | |
|---|---|
| ड) क्यासिनो सिफारिस | रु.२५०००।- |
| खानेपानी सिफारीसमा गर्दा दस्तुर | रु.१००००।- |
| पिच पि.सी.सी.लि.एवं,डब्लु.वि.एम सडकको लागि | रु.२,०००।- |
| ग्रेभलिङ्ग र इटा सोलिङका लागि | रु.१,०००।- |
| माटोको सडकको लागि | रु.५००।- |
| ट) अन्य सिफारीस | रु.१००।- |
| ठ) मिलापत्र दस्तुर | रु.१००।- |
| ड) पूर्व प्राथमिक विद्यालय स्वीकृत दिए वापत | रु.५,०००।- |
| ढ) निजी क्षेत्रको स्कूललाई सिफारिस गर्दा प्रा.वि.स्कूललाई | रु.५,०००।- |
| ण) नि.मा.वि.स्कूललाई | रु.१५,०००।- |
| त) मा.वि.स्कूललाई | रु.२५,०००।- |
| थ) संस्था दर्ता सिफारिश दस्तुर | रु.२,५००।- |
| द) संस्था नविकरण तथा सिफारिश दस्तुर | रु.१,०००।- |
| ध) धार्मिक संघसंस्था दर्ता तथा सिफारिश दस्तुर | रु.५००।- |

**वर्गिकरण**

माथिको क,ख र ग को सम्बन्धमा ठाउँ सारी गर्दा पनि सोही अनुसार सिफारीस दस्तुर लाग्ने छ।

**ख) दा.खा.नामसारी :**

क) रजिष्टेशन र बक्स पत्र भएको दा.खा.मा मुल्याकंनको १ प्रतिशत

ख) अंश वण्डा भै दा.ख.मा रु.५००।-

ग) मृत्युबाट अपुताली कायम हुँदा मुल्याकंनको १० प्रतिशत र सिफारीसमा समेत १० प्रतिसत लागने छ।

घ) मृत्युबाट हक कायम भै नामसारीमा रु.१५०।-

**अन्यः**

सेवा शुल्क : एकिकृत सम्पत्तिकरको १० प्रतिशत र ५% सार्वजनिक शुविधाशुल्क लिने ।

# अनुसूची १३
## पर्यटन शुल्क

# अनुसूची १४

**नीतिहरु :**

**१)** एकीकृत सम्पति कर बृद्धिका लागी दररेट साबिककै यथावत राखी नगर क्षेत्रका बिभिन्न निजी भवनमा भौतिक संरचनाहरुको क्षेत्रफल एकिन गर्न स्थलगत प्राबिधिक टोली खटाई सो अनुसारको एकीकृत सम्पतिकरको मुल्याङकन गरी एकिकृत सम्पतिकर परिमार्जन गर्ने ।

**२)** औधोगिक बिकास क्षेत्रबाट एकीकृत सम्पतिकर तथा व्यवशायकर असुलीका लागि सम्बन्धित निकाय संग समन्वय गरी असुली गर्ने ।

**३)** बहाल रकमको सिफारिस सम्बन्धित वडा समिति बाट लिई सो अनुसार बहालकर असुल गर्ने ।

**४)** ब्यवसायकर का दर तपसिलमा उल्लेख अनुसार लागु गर्नृे र बृद्धि का लागि निम्न अनुसार को प्रकिया अबलम्बन गर्ने । स्वेच्छा ले ५ बर्षका लागि नविकरण गर्न चाहेमा सो अनुसार नबिकरण गरी दिने ।

क) नगर क्षेत्र भित्रका सम्पुर्ण ब्यवसायीको लगत संकलनका साथै टोली खटाई स्थलगत व्यवशायकर असुलगर्ने ।

ख) करदाताले बुझाउनु पर्ने कर नबुझाए सम्म उ.म.न.पा.,वडा कार्यालयले उपलब्ध गराउने सेवा सुबिधा रोक्का राख्ने । साथै चालु वर्षको व्यवसायकर आश्विन मसान्तसम्म बुझाएमा १५ प्रतिशत छुट दिने तथा बक्यौता रहेमा १५ प्रतिशत जरिवाना लगाई असुल गरिनेछ ।

ग) प्रत्येक करदाता लाई पत्राचार गर्ने,पत्र पत्रिका एवं एफ.एम.समेत बाट कर बुझाउन सुचना जारी गर्ने ।

घ) अटेर गर्ने करदाता लाई ऐन-नियम अनुसार कारबाहि गर्ने ।

ङ) राजश्व शाखामा प्रयाप्त जनशक्तिको ब्यवस्थापन गर्ने ।

च) बार्षिक सवारीकर असुली का लागि सम्बन्धित निकाय संग समन्वय गर्ने ।

**५)** उ.म.न.पा.ले निर्धारण गरेको स्थान भन्दा अन्यत्र मासु पसल ,सब्जीमंडी, फलफुल पसल वा पार्किङ्ग स्थल प्रयोग गरेको पाइएमा तत्काल हटाउने ।

**६)** उ.म.न.पा को स्वामित्वमा रहेका तपसिल का भवन खालि जग्गा, ताल, तलैया पोखरी पार्क लाई राजश्व परामर्श समिति बाट निति बनाइ ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

**तपसिल**

क) त्रिवेणी मोडको खाली जग्गा तथा फुटपाथ पसल,

ख) सार्वजनिक जग्गा,

ग) सार्वजनिक जग्गा र निजी क्षेत्रका जग्गामा कृषि हाटबजार तथा पार्किङ्ग स्थल,

घ) वाटर पार्क

ङ) रानि तलाऊ

च) कान्ती ताल

छ) दैलेखि बगला शटर,गोदाम, सेडघर,

ज) बसपार्क शटर, उ.म.न.पा शटर ,सल्यानी बंगला शटर ,गोदाम ,

झ) मिनी जू ,

ञ) सार्वजनिक शौचालय

**७)** बसपार्क निर्माण कार्य सम्पन्न भै सकेपछि सरोकार वाला हरुको राय समेत लि प्रबेश शुल्क रात्री बिश्राम शुल्क , टिकट-काउण्टर, खालि जग्गामा रहेको टहरा समेतको राजश्व परार्मश समितिको बैठक बाट दर रेट निर्धारण गरी ठेक्कामा बन्दोबस्त गरिने ।

**८)** आन्तरिक राजश्व बृद्धिका लागि चालु आ.ब मै आन्तरिक राजश्व कार्यालय, घरेलु उद्योग, बाणीज्य कार्यालय, यातायात ब्यवस्था कार्यालय उधोग बाणीज्य संध लगायत बारम्बार संयुक्त बैठक तथा समन्वय गरी राजश्व संकलन गर्ने ।

**९)** अन्य उ.म.न.पा मा कर शुल्क दस्तुरका सम्बन्धमा बिस्तृत जानकारीका लागि बस्तुगत ब्यवशायी समेतको संयुक्त टोली अन्तर नगर-भ्रमण अवलोकन गर्ने  निर्णय गरियो ।

**१०)** उपरोक्त बमोजिमको व्यवशाय समावेश नभएका सेवा, व्यवशायको कारोबार र स्तर हेरी वार्षिक १०००।- देखि १२५०००।- सम्म व्यवशाय कर लिने ।

**११)** राजश्व सम्बन्धी नगर सभा बाट दररेट निर्धारण नभएका वा कार्यालयलाई राजश्व संचालनमा द्बिबिधा पर्न गएमा राजश्व परामर्श समितिको बैठक बाट तत्काल निर्णय गरी समाधान गर्न पाउने स्विकृति सभा बाट राजश्व परामर्श समितिलाइ अधिकार प्रत्यायोजन हुनु पर्ने ।

**१२)** आन्तरिक राजश्व बृद्धिका लागि चालु आ.ब मै आन्तरिक राजश्व कार्यालय, घरेलु तथा साना उद्योग, बाणीज्य कार्यालय, यातायात ब्यवस्था कार्यालय, उद्योग बाणीज्य संघ सँग समन्वय गरी दर्ता, नविकरण र खारेजी गर्दा यस कार्यालयको सिफारिशमा मात्र गर्नुपर्ने नीति अवलम्वन गरिनेछ ।

**१३)** नेपालगञ्ज उपमहानगरपालिका भित्र वहालकर संकलन गर्दा विभिन्न स्थानहरुको मापदण्ड तयार गरी बहालको दररेट सूचि तयार गरिनेछ ।

**१४)** यस उपमहानगरपालिकाको लामो समय देखि व्यवसायकर वक्यौता रहेका एवं दर्ता नभएका व्यवसायीहरुलाई देहायको अवधिमा निजहरुले बुझाउनुपर्ने बक्यौता कर बुझाउन आएमा लाग्ने करमा तपशिल अनुसार छुट दिने निर्णय गरियो ।

**तपशिल :**

क) २०७४ माघ मसान्तसम्म बुझाउन आउनेलाई लाग्ने करमा ८० प्रतिशत छुट दिईने ।

ख) २०७५ बैशाख मसान्तसम्म बुझाउन आउनेलाई लाग्ने करमा ५० प्रतिशत छुट दिईने ।

ग) २०७५ आषाढ मसान्तसम्म बुझाउन आउनेलाई लाग्ने करमा ३० प्रतिशत छुट दिईने ।

**आज्ञाले,**
**तोयनारायण सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**

**प्रमाणिकरण मिति : ईति संवत २०७४ साल मंसिर ८ गते रोज ६ शुभम् ।**